# कमला नगरपालिका
# Kamala Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
माची भिटकहिया,धनुषा
Machi jhitkahiya,Dhanusha

मधेश प्रदेश,नेपाल (Madhesh province,Nepal)

प.सं.:-०७९/८०
च.नं.(Ref No):- 8866
मिती(Date): २०८०/०२/२४

**बिषयः-योजना तथा कार्यक्रमको फर-फारक सहित भुक्तानीको लागि कागजात पेश गर्ने सम्बन्धमा।**

**श्री सरोकारवाला सबै,**
कमला नगरपालिका, धनुषा ।

प्रस्तुत बिषयमा आ.व.२०७९/८० का लागि यस कमला नगरपालिकाको छैठौ नगर सभाबाट विनियोजित नीति,कार्यक्रम तथा वार्षिक बजेट अन्तर्गत नगर र वडा स्तरीय संचालित योजना तथा कार्यक्रमहरु जेष्ठ मसान्तसम्म कार्य सम्पन्न गरि फर-फारक र भुक्तानीको लागि सम्पूर्ण कागजात मिति २०८०/०३/१५ सम्ममा यस नगरपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्नुका साथै तोकिएको मिति भित्र भुक्तानीको लागि पेश नभएका योजना तथा कार्यक्रमहरुको हकमा नगरपालिकावाट भुक्तानी गर्न नसकिने व्यहोरा अनुरोध छ।

पुनःअर्थ मन्त्रालय सिंहदरबार, काठमान्डौको प्राप्त पत्रानुसार नगरपालिकालाई समानीकरण अनुदानको चौथो त्रैमाशिक स्वरूप प्रदान गर्ने रकममा ५० प्रतिशत कटौती भएको र विश्वमा भएको आर्थिक मन्दीको असर मुलुकमा पनि परेको र फलस्वरूप संघीय सरकारले अपेक्षित रुपमा राजस्व संकलन गर्न नसकेकोले स्थानीय तहलाई प्रदान गर्ने राजस्व बाँडफाँडको रकम अनुमान बमोजिम अपेक्षित रुपमा प्राप्त हुन् नसकेको विद्यमान अवस्था र नगरपालिका तथा वडा कार्यालयहरु स्वयमले पनि लक्ष्य अनुरुप आन्तरिक राजस्व संकलन गर्न नसकेको अवस्थामा भुक्तानीका लागि पेश भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी श्रोतको सुनिश्चितताको आधारमा नगरपालिकाबाट प्राथमिकता बमोजिम क्रमशःहुने व्यहोरा अनुरोध छ।

**बोधार्थः**
१.श्री सम्पूर्ण वडा कार्यालयहरु/विषयगत शाखाहरुः- समयमै कार्यक्रम र योजनासँग सम्बन्धित सम्पूर्ण बिल भरपाई र आवश्यक कागजात तयार गरि/गराई भुक्तानीको लागि आ.प्र.शाखामा पेश गर्नु हुन।

**अवगतार्थः**
१.श्रीमान् नगर प्रमुख ज्यु,
२.श्रीमान् नगर उप-प्रमुख ज्यु :-कार्यक्रम तथा योजनाहरुको समयमै अनुगमन गरिदिनु हुन।
३.श्री वडा अध्यक्षज्युहरु(सबै):-समयमै सम्पूर्ण योजना तथा कार्यक्रमहरु संचालन/अनुगमन गरि फर-फारकमा सहयोग गरिदिनु हुन।
४.श्री सुचना प्रविधि शाखा :-Website तथा फेसबुक पेजमा अपलोड गरि दिनु हुन।

संजिव कुमार महतो
लेखा प्रमुख

ओम प्रकाश महतो
प्रमुख प्रशासकिय अधिकृत